# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.

च. नं.

## प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०६९ भदौ २० गते

## आयोगद्वारा नेपाल प्रहरीप्रति धन्यवाद ज्ञापन

नागरिकको शान्ति सुरक्षा र मानव अधिकारको संरक्षणको सम्बन्धमा उठाएको चासो र चिन्तालाई सम्बोधन गर्ने विषयमा क्रियाशीलता देखाएको भन्दै राष्ट्रिय मानव अधिकार आयोगले नेपाल प्रहरीप्रति धन्यवाद गरेको छ ।

राष्ट्रिय मानव अधिकार आयोगले गृह सचिव नवीन घिमिरे र प्रहरी महानिरीक्षक रवीन्द्रप्रताप शाहलाई भदौ १२ गते आयोगमै बोलाएर देशमा शान्ति सुव्यवस्था कायम गर्ने दिशामा भइरहेका प्रयासबारे सोधखोज गर्नुका साथै नागरिकको शान्ति सुरक्षाका लागि सुरक्षा संयन्त्रले गर्नुपर्ने कामकारबाहीबारे निर्देशनसमेत दिएको थियो ।

सो निर्देशनको तत्काल पालना गरी प्रहरी प्रधान कार्यालयले मातहतका निकायहरुलाई नागरिकको शान्ति सुरक्षा एवम् मानव अधिकार रक्षाका लागि भदौ १९ गते ६ बुँदे परिपत्र जारी गरेको जानकारी प्राप्त भएको छ ।

परिपत्रमा अपराधिक घट्नाको अनुसन्धान तथा कारबाही तदारुकतासाथ गर्ने, कसैलाई गैरकानुनी रुपमा थुनामा नराख्ने, यातनालगयातका अमानवीय व्यवहार नगर्ने, थुनामा परेका व्यक्तिलाई निजले रोजेको कानुन व्यवसायी रोज्न पाउने एवम आफन्तजनसंग भेटघाट गर्न दिन, भुडभेडका क्रममा गैरन्यायिक हत्या नहोस् भन्नेतर्फ सचेत रहनेजस्ता कुराहरु उल्लिखित छन् ।

यसैगरी महिला, बालबालिका, बृद्ध एवम जातीय विभेदसंग सम्बन्धित विषयवस्तु तथा मुद्दालाई प्राथमिकता दिई कामकारबाही अघि बढाउन पनि परिपत्रमा निर्देशन दिइएको छ ।

परिपत्रमा मानव अधिकारसम्बन्धी उजुरीहरुको छानविन वा सो सम्बन्धमा प्रहरीले संकलन गरेको कागजात माग भई आएमा प्रचलित सम्वैधानिक प्रावधानअनुसार राष्ट्रिय मानव अधिकार आयोगलाई उपलब्ध गराउन भनिएको छ ।

मानव अधिकारको पक्षमा जारी उक्त परिपत्रको पालना गरी मानव अधिकारको रक्षा गर्ने कार्यमा सघाउन सवै सरोकारवाला पक्षहरुसंग आयोगले अह्वान गरेको छ ।

विशाल खनाल
सचिव